त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS
Accredited by University Grants Commission (UGC) Nepal 2020
5-521260
5-521611
5-522104
5-522809
पुल्चोक, ललितपुर ।
Pulchowk, Lalitpur

च.नं. २/०७८/०७९

मिति: २०७८।४।१

श्री सिभिल इ. विभाग,
श्री आर्किटेक्चर विभाग,
श्री इलेक्ट्रिकल इ. विभाग, ,
पुल्चोक क्याम्पस ।

श्री इलेक्ट्रोनिक्स तथा कम्प्युटर इ. विभाग,
श्री मेकानिकल तथा एरोस्पेश इ. विभाग
श्री एप्लाइड साइन्सेस एण्ड के.इ. विभाग
पुल्चोक क्याम्पस ।

**विषय : ADF Elite गरीब तथा जेहेन्दार छात्रवृत्ति आवेदन फाराम भर्ने सम्बन्धमा ।**

इ.अ.सं. व्यवहारिक अनुसन्धान तथा विकास केन्द्रको च.नं. १०७ मिति २०७८।३।३१ गतेको पत्रमा उल्लेख भएअनुसार Asia Development Foundation (ADF), Korea बिच सम्पन्न MOU अनुसार इ.अ.सं. लाई प्राप्त गरीब तथा जेहेन्दार छात्रवृत्ति सिट संख्या ८ (आठ) मध्ये यस क्याम्पसलाई **२ सिट** उपलब्ध गराइने भएकोले यस क्याम्पसमा २०७७ भर्ना समुह (प्रथम वर्ष प्रथम खण्ड) मा अध्ययनरत विद्यार्थीहरु मध्येबाट छात्रवृत्ति प्रयोजनार्थ यस क्याम्पसबाट ४ (चार) जना छात्र/छात्रा छनौट गरी पठाउनु पर्ने भएका हुनाले यस क्याम्पसमा प्रथम वर्ष प्रथम खण्डमा अध्ययनरत इच्छुक विद्यार्थीहरुले ADF Elite गरीब तथा जेहेन्दार छात्रवृतिको लागि यसैसाथ संलग्न व्यवहारिक अनुसन्धान तथा विकास केन्द्रको पत्रमा उल्लेख भएबमोजिम छात्रवृत्तिका लागि शर्तहरु पुरा गरि मिति **२०७८/०४/१५ गते** भित्र आवेदन फाराम भर्न हुन यसै सूचना मार्फत सूचित गरिन्छ ।

Asia Elite Scholarship को आवेदन फाराम यस क्याम्पसको वेवसाइडबाट डाउनलोड गर्न सक्नेछ । सम्बन्धित विद्यार्थीहरुले आवेदन फाराम स्पष्टसंग भरी आवेदन पेश गर्ने अन्तिम मितिभित्र **शैक्षिक प्रशासन शाखामा** बुझाइ सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुने फाराम उपर कुनै कारबाही गरिने छैन ।

***संलग्न: व्यवहारिक अनुसन्धान तथा विकास केन्द्रको पत्र थान १***

**बोधार्थ**

- श्री आर्थिक शाखा, पुल्चोक क्याम्पस ।
- श्री नयां/महिला छात्रावास, पुल्चोक क्याम्पस ।
- श्री स्व.वि.यू., पुल्चोक ।

डा. इन्द्र प्रसाद आचार्य
क्याम्पस प्रमुख

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ अध्ययन संस्थान
Institute of Engineering
व्यवहारिक अनुसन्धान तथा विकास केन्द्र
Centre for Applied Research and Development (CARD)

Pulchowk, Lalitpur, Nepal
G.P.O. Box: 1915 Kathmandu, Nepal
Tel.: 977-1-5521310, 977-1-5530610
Fax : 977-5-525830
E-mail: card@ioe.edu.np

च.नं. 107

मितिः २०७८।०३।३१ (July 15, 2021)

- श्री पुल्चोक क्याम्पस, इ.अ.स. पुल्चोक ।
- श्री पश्चिमान्चल क्याम्पस, इ.अ.स. पोखरा ।
- श्री थापाथली क्याम्पस, इ.अ.स. थापाथली ।
- श्री पुर्वान्चल क्याम्पस, इ.अ.स. धरान ।

विषय : **ADF Elite** *गरीव तथा जेहेन्दार* छात्रवृति सम्वन्धमा ।

उपरोक्त विषयमा इ.अ.स. डीनको कार्यालय तथा Asia Development Foundation (ADF), Korea बिच सम्पन्न MOU अनुसार इ.अ.स.लाई प्राप्त गरीव तथा जेहेन्दार छात्रवृति सिट संख्या ८ (आठ) मध्ये माथि उल्लेखित क्याम्पसहरुलाई २/२ सिट उपलब्ध गराइने भएकोले त्यस क्याम्पसमा स्नातक तहमा प्रथम वर्ष प्रथम खण्डमा अध्ययनरत विद्याथीहरु मध्ये बाट छात्रवृति प्रयोजनार्थ प्रत्येक क्याम्पसबाट ४ (चार) जना छात्र/छात्रा छनौट गरी माग गर्ने निर्णय (As per new decision from ADF) भए वमोजिम ४ (चार) जना गरीव तथा जेहेन्दार विद्यार्थीहरुको नामावली २०७८/०४/२० (Aug 04, 2021) भित्र यस कार्यालयमा उपलब्ध गराइ दिन हुन अनुरोध छ ।

छात्रवृतिका लागि शर्तहरु

१. विद्यार्थी स्नातक तहमा प्रथम वर्ष प्रथम खण्डमा अध्ययनरत हुनु पर्नेछ ।
२. यस छात्रवृतिमा छनौट भएको विद्यार्थीले अरु कुनै किसिमको छात्रवृति लिन पाउने छैन । लिएको जानकारी प्राप्त हुन आएमा पहिला लिएको छात्रवृति वापतको रकम असुल उपर गरिनेछ ।
३. उम्मेदवारले कक्षा ८,९ र १० (एस.एल.सि) सामुदायीक विद्यालयमा अध्ययन गरेको हुनु पर्नेछ ।
४. कक्षा ११ र १२ सामुदायीक विद्यालय वा नेपाल भित्रका विश्वविद्यालयहरुको आगिंक क्याम्पसमा अध्ययन गरेको हुनुपर्नेछ । तर नेपाल सरकारको छात्रवृति प्राप्त गरी अन्य निजि कलेजमा अध्ययन गरेको भए सो को प्रमाण पेश गर्नुपर्नेछ ।
५. विपन्नताको प्रमाण स्वरुप विद्यार्थीहरुले गांउपालिका वा नगरपालिकाबाट नेपाल सरकारले ताकेको मापदण्ड अनुरुप न्यूनआयश्रोत भइ गरिबीको रेखा मुनि परेको भनि प्रमाण सहित आधार र कारण समेत उल्लेख गरेको सिफारिस अनिवार्य रुपमा पेश गरेको हुनुपर्नेछ ।
६. प्रत्येक क्याम्पसबाट प्राप्त ४ (चार) उम्मेदवारहरुको अन्तरवार्ता ADF का प्रतिनिधिबाट हुनेछ र ४ (चार) मध्ये दुईजनालाई छात्रवृति प्रदान गरीनेछ । कुनै कारणवश अन्तरवार्ता लिन नसकिएमा ADF को नियम अनुसार छनौट गरिनेछ ।
७. छात्रवृतिको रकम प्रति वर्ष प्रति विद्यार्थी **US$ 500** वरावरको नेपाली रुपैयां हुनेछ ।
८. छात्रवृति प्राप्त गर्नेहरुले प्रत्येक वर्ष प्रत्येक खण्डको Progress Report पेश गर्नु पर्नेछ । Progress Report ADF को नियमानुसार नभएमा छात्रवृति रोक्का हुनेछ । हालको नियमानुसार Progress Report 3.2/4 (कम्तीमा ८० प्रतिशत) हुनुका साथै सम्पूर्ण विषयमा उत्तिर्ण हुनु पर्नेछ ।
९. छात्रवृति प्राप्त उम्मेदवारको हकमा ADF र IOE विच भएको MOU को शर्तहरु लागु हुनेछ ।
१०. छात्रवृति प्राप्त विद्यार्थीको Progress Report, ADF को मापदण्ड अनुसार भएमा छात्रवृति पुरा अवधि ४ (चार) वर्षको लागि हुनेछ ।

बेद्यार्थ :
श्रीमान डीनज्यू
डीनको कार्यालय, इ.अ.स. पुल्चोक ।

प्रा.डा. भोलानाथ शर्मा घिमिरे
निर्देशक